जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २८८ • २०८३ श्रावण २२ गते शुक्रबार • 7 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## नयाँ सवारी चालक अनुमति पत्र वितरण र नवीकरणको काम रोक्यो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ श्रावण**




मधेस प्रदेश मातहतको यातायात व्यवस्था कार्यालय जनकपुर, धनुषाले नयाँ सवारी चालक अनुमति पत्र वितरण र नवीकरणको काम ३ साता यता रोकेको छ । कार्यालयका अनुसार यातायात व्यवस्था विभागबाट सञ्चालित सर्भरमा समस्या भएकाले काम प्रभावित भएको हो । सर्भरको समस्या केन्द्रबाटै समाधान नहुँदा असार २९ गते देखि नयाँ लाइसेन्स वितरणको प्रक्रिया रोकिएको कार्यालयले जनाएको छ ।

नयाँ लाइसेन्स वितरण गर्न नसक्दा कार्यालयले अहिले सवारी करमात्र लिने काम गर्दै आएको छ । कार्यालयका अनुसार यो प्रक्रिया अवरुद्ध नभएको भए अहिले सम्म ४/५ लट लाइसेन्स वितरण भइसक्थ्यो । यातायात व्यवस्था कार्यालय जनकपुरका प्रमुख वासुदेव मल्लले विभागमा रहेको सर्भरबाट प्रदेश अन्तर्गतका डाटा सार्ने र नयाँ सर्भर राख्ने काम भइरहेकाले अहिले नयाँ सवारी अनुमति पत्र वितरण गर्न नसकेको बताए । उनले भने, 'साउन १ गतेदेखि प्रदेशको श्रम तथा यातायात मन्त्रालयले केन्द्रको समन्वयमा नयाँ सफ्टवेयर बनाउन सुरु गरेको छ र विभागको सर्भर पनि मर्मतसम्भारमा रहेकाले अहिले नयाँ सवारी अनुमति पत्र दिन सकेका छैनौँ ।' आफूले यो समस्या समाधानका लागि धेरै पहल गरे पनि प्राविधिकबाट हुने भएकाले केही समय लागेको हुन सक्ने मल्लको भनाइ छ । कार्यालयले नयाँ सवारी अनुमतिपत्रका लागि लिखित परीक्षा र ट्रायल उत्तीर्ण भएकाहरूलाई सवारी अनुमति पत्र प्रदान गर्दै आएको छ । कार्यालय स्रोतका अनुसार यातायात व्यवस्था विभागमा प्रदेशको यातायात कार्यालयको समस्या समाधान गर्न समन्वयकर्ताको अभावले गर्दा पनि समय लाग्ने गरेको छ ।

'नयाँ लाइसेन्सको प्रक्रिया, सवारी नवीकरण, सवारी अनुमतिपत्र नवीकरण लगायतका अधिकांश काम अहिले डिजिटली नै गर्नुपर्ने हुन्छ,' कार्यालय प्रमुख मल्लले रातोपाटीसँग भने, 'बारम्बार यसमै समस्या उत्पन्न हुँदा सेवाग्राहीको हप्कीदप्की सुन्न बाध्य हुनुपर्छ । अझ त्यसमा पनि यो सरकार आएपछि सर्वसाधारणको मानसिकता कति फेरिएको छ भने प्रक्रिया पनि बुझ्न मान्दैनन्, गालीगलौज गर्दै तुरुन्तका तुरुन्त काम गर्न भन्छन् ।' कार्यालयका कर्मचारीहरूले विगतमा कोशी प्रदेशको यातायात र लाइसेन्सको डाटा यहाँ देखाउने र यहाँको डाटा कर्णालीमा देखाउने समस्या उत्पन्न हुने गरेको सुनाए । विभागले प्रदेशगत संरचना मिलाउन नसक्दा कैयौँ दिन कार्यालयको काम प्रभावित भएको उनीहरूको भोगाइ छ ।

## ४२ औँ वार्षिकोत्सवको अवसरमा रक्तदान वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २१ श्रावण**

नेपाल प्रहरी श्रीमती संघ, मधेस प्रदेशले आफ्नो ४२ औँ वार्षिकोत्सवको अवसरमा रक्तदान, वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम आयोजना गरेको छ ।

संघले बिहीबार नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा जनकपुरमा रक्तदान कार्यक्रम आयोजना गरेको हो । यस्तै वातावरण संरक्षणका लागि वृक्षारोपण तथा बिरामीहरूको स्वास्थ्य लाभको कामना गर्दै फलफूल समेत वितरण गरिएको छ । कार्यक्रममा मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआईजी) ओमप्रसाद अधिकारीले प्रहरी जवानहरू २४ सै घण्टा फिल्डमा खटिने भएकाले उनीहरूको मनोबल बढाउन नेपाल प्रहरी श्रीमती संघले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । संघले विभिन्न सामाजिक सेवामूलक तथा मानवीय कार्य पनि सञ्चालन गर्दै आएको उनले उल्लेख गरे । उनले भने, 'हामी आशा गरौँ, आज हामीले संकलन गरेको रगतले भोली रगत नपाएर बसेकालाई जीवनदान दिन सहयोग होस् ।' रोपिएका बोटबिरुवाबारे बोल्दै उनले थपे, 'आज हामीले रोपेको विरुवाले भोली राम्रो छहारी या फलफुल दिनसक्छ ।'

नेपाल प्रहरी श्रीमती संघ, मधेस प्रदेशकी अध्यक्ष मनिषा उप्रेतीले प्रहरी र समुदायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन संघले विभिन्न कार्यक्रम गर्दै आएको जानकारी दिइन् । सोही अनुरुप वार्षिकोत्सवको अवसरमा रक्तदान, वृक्षारोपण तथा फलफूल वितरण कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ ।

## जनकपुरमा आशाको दिपक बन्यो श्री हरि मानव कल्याण मञ्च,अति विपन्नको घरदैलोमा खाद्यान्न



**ओम प्रकाश साह**
**जनकपुरधाम, २१ श्रावण**

परोपकारी संस्था श्री हरि मानव कल्याण मञ्चले जनकपुरधामका विभिन्न स्थानमा रहेका विपन्न, असहाय तथा पीडित परिवारलाई अत्यावश्यक खाद्यान्न सामग्री वितरण गरेको छ।

संस्थाले पहिलो चरणमा जनकपुर धाम उपमहानगरपालिका-१ स्थित रेलवे स्टेसन नजिकको मुसहर बस्तीमा पुगेर मुसहर (सदा) समुदायका अति विपन्न परिवारलाई खाद्यान्न सहयोग वितरण गरेको थियो।

त्यसपछि टोली जनकपुरधाम-२३, बिन्धी पुगेर करिब एक वर्षअघि विभत्स हत्यामा भएको आँशु यादवको पीडित परिवारलाई राहतस्वरूप खाद्यान्न सामग्री हस्तान्तरण गरेको छ। पीडित परिवारलाई कठिन परिस्थितिमा केही राहत पुग्ने विश्वासका साथ सहयोग गरिएको संस्थाले जनाएको छ।

यसैगरी जनकपुरधाम-२४ बसहियामा बिशनाथ दास ततमाको परिवारलाई पनि खाद्यान्न सहयोग गरिएको छ। उक्त परिवार आर्थिक रूपमा अत्यन्तै कमजोर रहेको तथा उनका तीन छोरीमध्ये दुई जना जन्मजात अपाङ्गता भएका र बोल्न नसक्ने अवस्थाका रहेकाले उनीहरूलाई विशेष प्राथमिकताका साथ सहयोग प्रदान गरिएको संस्थाले जनाएको छ। त्यसैगरी मृतक अमर जीत मण्डलको परिवार, बोधो मण्डलको परिवार तथा दुवै आँखाको दृष्टि गुमाएकी मलाह समुदायका एक स्थानीय महिलालाई समेत खाद्यान्न सामग्री वितरण गरिएको छ।

संस्थाका अध्यक्ष तथा पत्रकार दिपक श्रेष्ठ मण्डलले मानव सेवा नै सबैभन्दा ठूलो धर्म भएको उल्लेख गर्दै समाजका असहाय, विपन्न, पीडित तथा आवश्यकतामा रहेका परिवारको साथमा निरन्तर उभिने प्रतिबद्धता व्यक्त गरे। उनले सेवा कुनै जात, धर्म वा राजनीतिक विचार भन्दा माथिको मानवीय दायित्व भएको बताउँदै सहयोग अभियान आगामी दिनमा पनि निरन्तर जारी रहने जानकारी दिए।

स्थानीयवासीले संस्थाको यस मानवीय कार्यको प्रशंसा गर्दै यस्ता सेवामूलक अभियानले वास्तविक आवश्यकतामा रहेका परिवारलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरेका छन्।

## यादवको सम्झनामा आयोजित श्रद्धाञ्जली सभामा विवाद





**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २१ श्रावण**

सुनसरीको देवानगन्ज घटनापछि सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा ज्यान गुमाएका युवक गणेश यादवको सम्झनामा आयोजित श्रद्धाञ्जली सभा विवादमा परेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मधेश प्रदेश सभापति तथा सांसद तपेश्वर यादवको अभिव्यक्तिपछि कार्यक्रमस्थलमा विवाद उत्पन्न हुँदा सभा नै बीचमै अवरुद्ध भएको हो । गोलबजारस्थित उद्योग व्यापार संघको सभाहलमा आयोजित श्रद्धाञ्जली सभामा सांसद यादवले सुनसरी र सिरहामा भएका घटनापछि सरकारमाथि अनावश्यक आरोप लगाइएको दाबी गर्दै मधेशमा तनाव सिर्जना हुनुमा सरकारभन्दा समाजका केही व्यक्ति र विपक्षी दलहरू जिम्मेवार रहेको आशयको अभिव्यक्ति दिएका थिए । उनले सरकारविरुद्ध सुनियोजित षड्यन्त्र भएको आरोपसमेत लगाएका थिए । उनको अभिव्यक्ति लामो बन्दै गएपछि सभामा सहभागी केही व्यक्तिले श्रद्धाञ्जली कार्यक्रममा राजनीतिक टिप्पणी नगर्न आग्रह गरेका थिए । तर, त्यसपछि दुई पक्षबीच भनाभन सुरु हुँदा कार्यक्रमको वातावरण तनावग्रस्त बनेको थियो ।

विवाद बढेपछि कार्यक्रम नै भाँडिएको आयोजकहरूले बताएका छन् । स्थिति असहज बनेपछि सांसद यादव प्रहरीको सुरक्षामा कार्यक्रमस्थलबाट बाहिरिएका थिए । सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले आफूले कुनै गलत कुरा नगरेको र विपक्षी दलहरू असन्तुष्ट बनेको टिप्पणी गरेका छन् । यता, मधेश प्रदेशका पूर्वसांसद जगतप्रसाद यादवले भने श्रद्धाञ्जली सभालाई राजनीतिक रंग दिन खोजिएकै कारण कार्यक्रम प्रभावित भएको आरोप लगाए । उनका अनुसार मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको भए पनि राजनीतिक अभिव्यक्तिका कारण उद्देश्य पूरा हुन सकेन ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
www.jaleshwortoday.com
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# लोकललाई भोकल बनाऊ

लोकललाई भोकल बनाउन आवश्यक रहेको देखिन्छ । यो महत्वपूर्ण कार्य कुनै पनि क्षेत्रमा लागु हुन सक्दछन् । लोकल भनेको स्थानीय स्रोत तथा साधनहरु हुन् भने भोकल भनेको यी स्रोत तथा साधनहरुलाई अधिकतम उपयोग गरी यिनीहरुको महत्वलाई स्थानीय,प्रदेश,समग्र देश तथा विदेशमा समेत फैलाउनु बुझिन्छ । यो शब्दहरु भारतको वर्तमान भाजपाको प्रधानमन्त्री मोदीले आफ्ना नागरिकहरुलाई सम्बोधन गर्ने क्रममा प्रयोग गर्नु भएका थिए । भारत र नेपालको परिवेश तथा मौलिकतमा धेरै फरक नभई अनेकन समानताहरु छन् । त्यसकारण धेरै कुराहरु हामी अरुबाट पनि सिकेर अघि बढेका हुन्छौं । अहिले महोत्तरी जिल्लाको प्रमुख केन्द्र मानिने जलेश्वर र त्यहाँ स्थापित जलेश्वरनाथको मन्दिरलाई भोकल बनाउन आवश्यक रहेको देखिन्छ । श्रावण महिनाको सोमबारीको दिन स्थानीय केहि युवाहरुले जनकपुर धामको दुधमति नदिबाट जल ल्याई जलेश्वरनाथ महादेवको महाशिव लिंगमाथि अर्पण गर्नुले लोकललाई भोकल बनाएको भन्दा कसैको दुई मत नहोला । यसै गरी सबै जनाले आ–आफ्ना ठाउँका यस्तै ओभेलमा परेका धार्मिक,साँस्कृतिक,सामाजिक लगायत अन्य क्षेत्रको विकासको लागि आफैले शूरुवात गर्न जरुरी छ ।

# पेट्रोल बोकेको ट्याङ्कर दुर्घटनापछि आगलागी हुँदा पूर्ण रूपमा जलेर नष्ट

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २१ श्रावण**

महेन्द्र राजमार्गअन्तर्गत रौतहटको गुजरा नगरपालिका-३ धनसार पुल नजिक पेट्रोल बोकेको ट्याङ्कर दुर्घटनापछि आगलागी हुँदा पूर्ण रूपमा जलेर नष्ट भएको छ । घटनामा मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार बाराको अमलेखगञ्जबाट सर्लाहीतर्फ पेट्रोल लिएर जाँदै गरेको मधेश प्रदेश ०३-००१ ख ७८११ नम्बरको ट्याङ्कर सडकमा आएको मृगलाई जोगाउने प्रयासमा अनियन्त्रित भई सडकको दायाँ किनारमा पल्टिएको थियो। पल्टिनासाथ ट्याङ्करमा आगलागी भएको हो। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक सत्यनारायण थापाका अनुसार चालक समिर गुरुङले मृग बचाउने क्रममा सवारी नियन्त्रणबाहिर गएको बताएका छन्। दुर्घटनापछि लागेको आगोले ट्याङ्कर पूर्ण रूपमा ध्वस्त भएको छ । चन्द्रपुर नगरपालिका र बाराको निजगढ नगरपालिकाबाट पुगेका दमकलको संयुक्त प्रयासमा बिहान करिब ६:५० बजे आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

आगो नियन्त्रणमा आएपछि राजमार्गमा सवारी आवागमन पनि सामान्य अवस्थामा सञ्चालन गरिएको थियो। दुर्घटनामा ट्याङ्कर पूर्ण रूपमा क्षति भए पनि चालक सुरक्षित रहेका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रपुरले चालक, बाराको सिमरा उपमहानगरपालिका-११ निवासी करिब २५ वर्षीय समिर गुरुङलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाएको छ । प्रहरीका अनुसार दुर्घटना चन्द्रपुर नगरपालिकादेखि करिब १३ किलोमिटर पश्चिमको जंगल क्षेत्रमा भएको हो ।

# रासायनिक मल कालोबजारी गरी महँगो मूल्यमा बिक्री गरेको आरोपमा तीनजना पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २१ श्रावण**

सर्लाही प्रहरीले सरकारी अनुदानमा उपलब्ध हुने रासायनिक मल कालोबजारी गरी महँगो मूल्यमा बिक्री गरेको आरोपमा तीन जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार मलङ्गवा नगरपालिका-१० स्थित कृष्ण जनरल स्टोरबाट अनाधिकृत रूपमा डिएपी मल बिक्री भइरहेको सूचनाका आधारमा गरिएको कारबाहीमा मलङ्गवा-७ निवासी २३ वर्षीय अभिनय राय र २० वर्षीय अभिनन्दन राय पक्राउ परेका हुन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा उनीहरूले सरकारी अनुदानको डिएपी मल प्रतिवोरा तीन हजार पाँच सय रुपैयाँसम्ममा बिक्री गर्दै आएको स्वीकार गरेका छन् । पसलमा गरिएको खानतलासीका क्रममा चार बोरा डिएपी मल र एक बोरा युरिया मल बरामद गरिएको प्रहरीले जनाएको छ। सोधपुछका क्रममा पक्राउ परेका दुवैले उक्त मल मलङ्गवा नगरपालिका-४ शिवसागर चोकस्थित २८ वर्षीय राहुल गुप्ताले सञ्चालन गरेको पसलबाट प्रतिवोरा तीन हजार दुई सय रुपैयाँमा खरिद गरी नाफा राखेर बिक्री गर्ने गरेको बयान



दिएका थिए । उक्त बयानका आधारमा प्रहरीले राहुल गुप्तालाई पनि नियन्त्रणमा लिएको छ । उनको पसलमा गरिएको खानतलासीबाट थप सात बोरा युरिया मल बरामद भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध कालोबजारी सम्बन्धी कसूर अन्तर्गत जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट सात दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको छ ।



अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: खानपानमा समस्या आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जर्मन विमानस्थलमा सुरक्षा चुनौती, विस्फोटक पदार्थ जडान गरिएको ड्रोन फेला



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ श्रावण

जर्मनीको लाइपजिग/हाले विमानस्थलमा विस्फोटक पदार्थ जडान गरिएको ड्रोन फेला परेपछि त्यसलाई सुरक्षित रूपमा निष्क्रिय गरिएको छ । घटनापछि जर्मनीका गृहमन्त्री अलेक्जान्डर डोब्रिन्डले यसलाई देशको हवाई सुरक्षासामु देखा परेको ‘खतराको नयाँ गुणस्तर’ भएको चुनौतीका रूपमा वर्णन गरेका छन् । मङ्गलबार राति विमानस्थल आसपास शङ्कास्पद उड्ने वस्तु देखिएपछि प्रमुख कार्गो केन्द्रका दुवै रनवे तत्काल बन्द गरिएका थिए ।

त्यसका कारण एउटा यात्रुवाहक विमानसहित केही उडानहरू वैकल्पिक विमानस्थलतर्फ मोडिएका थिए। दक्षिणी रनवे नजिक शङ्कास्पद वस्तु रहेको सूचनापछि विस्फोटक निष्क्रिय पार्ने रोबोट परिचालन गरिएको थियो । क्षेत्रीय प्रहरी र सरकारी अभियोजन कार्यालयका अनुसार विमानस्थलका एक कर्मचारीले दक्षिणी रनवे नजिकै अज्ञात विस्फोटक उपकरण बोकेको ड्रोन फेला पारेका थिए ।

त्यसपछि सुरक्षा निकायले ड्रोन नियन्त्रणमा लिएर त्यसमा जडान गरिएको डेटोनेटर हटाई सुरक्षित रूपमा निष्क्रिय पारेको थियो । घटनाबारे विस्तृत अनुसन्धान जारी रहेको अधिकारीहरूले जनाएका छन् । घटनास्थल पुग्न बिदा नै स्थगित गरेका गृहमन्त्री डोब्रिन्डले विमानस्थलमा विस्फोटक बोकेको ड्रोन भेटिनु विगतका घटनाभन्दा फरक प्रकृतिको सुरक्षा जोखिम भएको बताए । उनका अनुसार ड्रोनबाट उत्पन्न हुन सक्ने खतरा पहिलेदेखि नै चिनिएको भए पनि विस्फोटकसहित विमानस्थलभित्र प्रवेश गर्नु सुरक्षा चुनौतीको नयाँ स्वरूप हो । उनले घटनालाई ‘हाइब्रिड आक्रमणको परिदृश्य’ का रूपमा उल्लेख गरेका छन् ।

तर यसबारे थप विवरण सार्वजनिक नगरिएको र ड्रोनको उत्पत्ति, प्रयोग गरिएको विस्फोटकको प्रकृति तथा सम्भावित संलग्न व्यक्तिबारे अनुसन्धान भइरहेकाले अहिले नै निष्कर्षमा पुग्न नसकिने उनले स्पष्ट पारे। स्याक्सोनी राज्यका गृहमन्त्री आर्मिन सुस्टरले सुरक्षा निकायले सम्भावित दोस्रो ड्रोनका अवशेष वा भागहरू खोजी गरिरहेको जानकारी दिए । यसैबीच, रनवे बन्द भएपछि अवतरण गर्न नसकेको एउटा मालवाहक विमान अर्को उड्ने वस्तुसँग ठोक्किएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ। उक्त विमानलाई करिब २०० किलोमिटर टाढाको हनोभर विमानस्थलमा अवतरण गराइएको थियो । त्यहाँ निरीक्षणका क्रममा सामान्य क्षति देखिएको अधिकारीहरूले बताएका छन्। लाइपजिग/हाले विमानस्थलको उत्तरी रनवे करिब दुई घण्टापछि पुनः सञ्चालनमा ल्याइएको थियो भने दक्षिणी रनवे पूर्वनिर्धारित मर्मत कार्यका कारण बुधबार पनि बन्द रहने तय गरिएको थियो ।







# “हरित ऊर्जाक सपना आ मधेशक प्यासल खेत”

**-मुरली मनोहर मिश्र**

संघीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठक हालक अभिव्यक्ति केवल मन्त्रालयक वार्षिक प्रगति प्रतिवेदन नैइ, बल्कि नेपालक विकास प्रशासनक वास्तविक रोगक पहिचान सेहो करैत अछि। मन्त्री स्पष्ट रूपसँ स्वीकार कयलनि जे समस्या केवल आयोजना निर्माणमे नैइ, बल्कि जग्गा अधिग्रहण, मुआब्जा, वातावरणीय स्वीकृति, अन्तरनिकाय समन्वय, स्रोत सुनिश्चितता आ ठेक्का व्यवस्थापन जेकाँ प्रक्रियागत जटिलतामे निहित अछि। यी स्वीकारोक्ति स्वागतयोग्य अवश्य अछि, मुदा प्रश्न यी अछि जे दशकौँसँ चिन्हित समस्या सभक समाधान आखिर कहिया होयत ?

मन्त्रालयक तथ्य अनुसार ८४ अर्ब ३३ करोड़ बजेटमे मात्र ६२ % वित्तीय प्रगति आ ७१.३५ प्रतिशत भौतिक प्रगति भेल। कागज पर यी सन्तोषजनक देखाइत अछि, मुदा जनताक दृष्टिसँ यी उपलब्धि ततेक प्रभावकारी नैइ बुझाइत अछि, कारण ऊर्जा, सिंचाइ आ जलस्रोत क्षेत्रमे निवेशक प्रत्यक्ष लाभ आम नागरिक धरि अपेक्षित रूपमे नैइ पहुँचि सकल अछि ।

**१. मधेश प्रदेश आ जनकपुरधामक यथार्थ :**

यदि मन्त्रीक समीक्षा कें मधेश प्रदेश, विशेष रूपसँ जनकपुरधामक दृष्टिसँ देखल जाय, त स्थिति आरो गम्भीर प्रतीत होइत अछि। नेपाल विद्युत उत्पादनमे आत्मनिर्भरता दिशामे अग्रसर अछि, भारतसँ ऊर्जा व्यापार बढ़ि रहल अछि, ऊर्जा बण्ड जारी भ’ रहल अछि, मुदा मधेश प्रदेशक गाम-गाममे आजुओ कमजोर प्रसारण प्रणाली, बारम्बार विद्युत अवरोध, कम भोल्टेज, ट्रान्सफर्मर जलबाक समस्या आ कृषि क्षेत्रमे विद्युत आपूर्तिक अस्थिरता विद्यमान अछि ।

जनकपुरधाम धार्मिक राजधानी कहल जाइत अछि, मुदा ऊर्जा व्यवस्थापनक दृष्टिसँ शहरक अवस्थामे अपेक्षित सुधार नैइ देखाइत अछि। विवाह पञ्चमी, रामनवमी, जानकी नवमी, छठि पर्व आ अन्य धार्मिक अवसर पर विद्युत व्यवस्थापन विशेष चुनौती बनि जाइत अछि। यदि नेपाल ऊर्जा निर्यात करि रहल अछि, त जनकपुरधाम जेकाँ धार्मिक-पर्यटन केन्द्रमे निर्बाध, गुणस्तरीय आ आधुनिक विद्युत सेवा सुनिश्चित करब सरकारक प्राथमिकता होबाक चाही ।

**२. सिंचाइ क्षेत्र : उपलब्धि कि अधूरा सपना ?**

रानी-जमरा-कुलरिया, बबई आ सिक्टा सिंचाइ आयोजनाक प्रगति प्रशंसनीय कहल गेल अछि। मुदा मधेश प्रदेशक किसानक वास्तविकता अलग कथा कहैत अछि । धनुषा, महोत्तरी, सिरहा, सप्तरी आ सर्लाहीक हजारौँ हेक्टर कृषि भूमि आजुओ वर्षा पर निर्भर अछि ।

प्रत्येक वर्ष बाढ़ि आ सुखाड़ दूनू समस्या झेलैत किसान सभक लेल बहुउद्देश्यीय जल व्यवस्थापन, भूमिगत जल पुनर्भरण, पोखरि संरक्षण आ आधुनिक सिंचाइ प्रणाली पर पर्याप्त ध्यान नैइ देल गेल अछि। जनकपुरधामक



ऐतिहासिक ७२ कूप आ ५२ पोखरिक संरक्षणक विषय सेहो जलस्रोत व्यवस्थापनसँ प्रत्यक्ष जुड़ल अछि, मुदा सरकारक योजना सभमे स्थानीय जल सम्पदाक संरक्षण प्राथमिकतामे नैइ देखाइत अछि ।

३. बुढीगण्डकी एवं मधेश:

बुढीगण्डकी, अपर अरुण, सुनकोशी-मरिन जेकाँ राष्ट्रिय आयोजना पर निरन्तर चर्चा होइत अछि। मुदा मधेश प्रदेशमे कोनो विशाल जलस्रोत वा ऊर्जा परियोजना नैइ देखाइत अछि जाहिसँ स्थानीय अर्थतन्त्र प्रत्यक्ष रूपसँ रूपान्तरित भ’ सकय । सुनकोशी-मरिन आयोजना सम्पन्न भेलापर मधेश लाभान्वित होयत, यी तर्क देल जाइत अछि। मुदा जग्गा अधिग्रहण, ठेक्का विवाद आ राजनीतिक हस्तक्षेपक कारण परियोजना वर्षौंसँ लम्बित अछि। मन्त्री स्वयं स्वीकार कयलनि जे जग्गा अधिग्रहण विकासक सबसँ पैघ बाधा अछि। यी समस्या केवल पहाड़क परियोजनामे नैइ, मधेशमे सड़क, नहर, प्रसारण लाइन आ सार्वजनिक पूर्वाधार निर्माणमे सेहो देखल जाइत अछि ।

**४. जनकपुरधाममे ऊर्जा आधारित आर्थिक सम्भावना:**

जनकपुरधाम धार्मिक पर्यटनक केन्द्र अछि। यदि सरकार वास्तवमे ऊर्जा क्षेत्रकेँ आर्थिक रूपान्तरणक आधार मानैत अछि, त जनकपुरधाममे सौर ऊर्जा आधारित स्मार्ट सिटी अवधारणा, धार्मिक क्षेत्रमे हरित ऊर्जा प्रयोग, पोखरि आ जलाशय संरक्षण, विद्युत चालित सार्वजनिक यातायात, तथा ऊर्जा दक्ष पर्यटन पूर्वाधार निर्माणक दिशा मे विशेष कार्यक्रम आबश्यक अछि । दुर्भाग्यवश, अधिकांश राष्ट्रिय योजना काठमाडौँकेन्द्रित दृष्टिकोणसँ बनैत अछि, जाहिमे जनकपुरधाम आ मधेश प्रदेशक विशिष्ट आवश्यकता पर्याप्त स्थान नैइ पबैत अछि ।

**५. समस्या केवल बजेट नैइ, शासन शैली सेहो,**

मन्त्री श्रेष्ठ सुशासन, पारदर्शिता आ जवाफदेहिताक बात कयलनि। मुदा नेपालक ऊर्जा आ सिंचाइ क्षेत्रक इतिहास बतबैत अछि जे भ्रष्टाचार, राजनीतिक हस्तक्षेप, ठेकेदार-प्रशासन गठजोड़, मुआब्जा विवाद आ कमजोर अनुगमन विकासक मुख्य अवरोध रहल अछि ।

यदि ६२ प्रतिशत बजेट खर्च भेल आ परियोजना समय पर पूर्ण नैइ भेल, त प्रश्न केवल रकमक नैइ, कार्यसम्पादन संस्कृतिक सेहो अछि। जब धरि जिम्मेवारी निर्धारण, समयबद्ध मूल्यांकन आ दण्ड-पुरस्कार प्रणाली प्रभावकारी नैइ बनत, तखन धरि प्रत्येक वर्ष समान समस्या दोहराइत रहत ।

**६. निष्कर्षत :**

मन्त्री विराज भक्त श्रेष्ठक समीक्षा एकटा महत्वपूर्ण आत्मस्वीकारोक्ति अवश्य अछि। हुनका द्वारा उठाओल गेल मुद्दा यथार्थपरक अछि। मुदा मधेश प्रदेश आ जनकपुरधामक दृष्टिसँ देखल जाय त उपलब्धिभन्दा चुनौती बेसी स्पष्ट देखाइत अछि ।

नेपाल ऊर्जा निर्यातक राष्ट्र बनबाक दिशामे अग्रसर अछि, मुदा जनकपुरधामक नागरिक आजुओ गुणस्तरीय विद्युत, व्यवस्थित सिंचाइ, जल संरक्षण आ आधुनिक पूर्वाधारक प्रतीक्षामे छथि। जँ सरकार वास्तवमे “परिणाममुखी कार्यसम्पादन“ चाहैत अछि, त राष्ट्रिय गौरवक आयोजनासँ आगाँ बढ़िकय स्थानीय आवश्यकताक गौरवकेँ सेहो सम्मान देबाक आवश्यकता अछि ।

ऊर्जा, जलस्रोत आ सिंचाइ केवल मन्त्रालयक विषय नैइ, बल्कि कृषि, उद्योग, पर्यटन, रोजगार आ क्षेत्रीय समान विकासक आधारस्तम्भ अछि। ताहि कारण आगामी वर्षक सफलता केवल बुढीगण्डकी वा अपर अरुणाक प्रगतिसँ नैइ, बल्कि जनकपुरधामक किसान, व्यापारी, पर्यटन व्यवसायी आ आम नागरिकक जीवनमे कतेक सकारात्मक परिवर्तन आयल, एहि आधार पर मापल जायबाक चाही ।

# ग्यास ट्याङ्करले ई-रिक्सालाई ठक्कर दिँदा ९ जना घाइते

जलेश्वरटुडे समाचारदाता
पर्सा, २१ श्रावण

पर्साको वीरगञ्ज महानगरपालिका-२४ बहुअरी चोकस्थित हुलाकी सडकमा ग्यास ट्याङ्करले ई-रिक्सालाई ठक्कर दिँदा ९ जना यात्रु घाइते भएका छन् ।

दुर्घटनामा घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । बुधबार राति करिब ८ बजे पावरहाउसबाट तिलावे पुलतर्फ जाँदै गरेको ना २ ह ६६८२ नम्बरको ई-रिक्सालाई पछाडिबाट आइरहेको आरजे १४ जीई ८७१० नम्बरको ग्यास ट्याङ्करले ठक्कर दिएको थियो । ठक्करपछि ट्याङ्कर घटनास्थलबाट फरार भएको थियो । दुर्घटनामा घाइते भएका सबै ९ जनाको उद्धार गरी वीरगञ्जस्थित नारायणी न्युरो अस्पतालमा उपचार भइरहेको छ । अस्पताल स्रोतका अनुसार घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर छ भने तीन जनाको अवस्था मध्यम रहेको छ ।

घटनापछि फरार ट्याङ्कर र चालकलाई प्रहरीले खोजी गरी नियन्त्रणमा लिएको छ ।

# देशको समृद्धि नाराले होइन, नागरिकको अनुहारमा देखिने मुस्कानले मापन हुन्छ



-प्रेमचन्द्र झा

-देशको अवस्था केवल आर्थिक वृद्धिदर, विदेशी मुद्रा सञ्चिति वा बजेट खर्चको प्रतिशतले मात्र मापन हुँदैन। कुनै पनि राष्ट्रको वास्तविक अवस्था त्यहाँका नागरिकले आफ्नो दैनिक जीवनमा भोगिरहेका कठिनाइले निर्धारण गर्छ। जब एउटा बिरामी उपचारका लागि अस्पताल पुग्दा औषधिभन्दा पहिले घण्टौँ लाइनमा उभिन बाध्य हुन्छ, एउटा युवाले पासपोर्ट बनाउन दिनौँसम्म पालो कुर्नुपर्छ, एउटा गृहिणी ग्यासको अभावमा चिन्तित हुन्छिन्, किसानले मल नपाएर खेत बाँझै राख्नुपर्छ, सिँचाइ नपाएर बाली सुक्छ, बत्ती पटक-पटक जाने समस्याले उद्योगदेखि घरपरिवारसम्म प्रभावित हुन्छन्, सुकुम्बासी आफ्नो बसोबासको भविष्यबारे अन्योलमा बाँचिरहेका हुन्छन्, विद्यालय शिक्षा दिनप्रतिदिन महँगो बन्दै जान्छ र प्रत्येक महिनाको विद्युत् महसुलले परिवारको बजेट हल्लाइदिन्छ भने त्यस्तो अवस्थालाई सामान्य भन्न सकिँदैन ।

यही यथार्थ नेपाली जनताले वर्षौंदेखि भोग्दै आएका छन्। सरकार बदलिन्छन्, नीति बदलिन्छन्, भाषण बदलिन्छन्, तर नागरिकका दैनिक दुःख भने उस्तै रहन्छन् । लोकतन्त्रको वास्तविक अर्थ नागरिकलाई सहज सेवा, सुरक्षित जीवन र सम्मानपूर्वक बाँच्न सक्ने वातावरण दिनु हो। यदि नागरिकले प्रत्येक दिन आधारभूत सेवाका लागि संघर्ष गर्नुपरेको छ भने विकासका ठूलाठूला भाषण जनताको जीवनसँग मेल खान सक्दैनन् । सबैभन्दा पहिले स्वास्थ्य क्षेत्रतर्फ हेरौँ । अस्पताल जीवन बचाउने स्थान हो । तर धेरै सरकारी अस्पतालमा उपचारभन्दा पहिले लाइनको परीक्षा दिनुपर्ने अवस्था छ । बिहानैदेखि टिकट लिन, परीक्षण गर्न, चिकित्सक भेट्न र औषधि लिन छुट्टाछुट्टै लाइनमा उभिनुपर्ने बाध्यता अझै हटेको छैन । बिरामीको पीडामाथि प्रशासनिक ढिलासुस्ती थपिँदा उपचारप्रतिको विश्वास कमजोर बन्छ । स्वास्थ्य सेवा नागरिकको अधिकार हो, उपकार होइन। त्यसैले स्वास्थ्य सेवामा जनशक्ति, प्रविधि र व्यवस्थापन सुधार गर्नु सरकारको पहिलो दायित्व हो ।

त्यसैगरी पासपोर्ट बनाउने विषय पनि नागरिकका लागि अनावश्यक झन्झटको विषय बन्नु हुँदैन । रोजगारी, अध्ययन वा अन्य प्रयोजनका लागि विदेश जानुपर्ने नागरिकले समयमै पासपोर्ट नपाउँदा अवसर गुमाउने अवस्था सिर्जना हुन्छ। डिजिटल प्रणाली विस्तार, सेवा केन्द्रको संख्या वृद्धि र प्रक्रियालाई पारदर्शी बनाउने काममा सरकारले थप ध्यान दिन आवश्यक छ ।

ग्यासको समस्या नेपाली समाजले पटक-पटक भोगेको विषय हो । ग्यास अभाव हुँदा घरका छतमै दाउरा र भुसको चुलो बालेर खाना पकाउनुपर्ने दृश्य आधुनिक राजधानीका लागि लज्जास्पद हो । स्वच्छ ऊर्जाको युगमा नागरिकलाई धुवाँले भरिएको भान्सामा फर्किन बाध्य पार्नु विकासको सूचक होइन । आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउनु र वैकल्पिक ऊर्जाको प्रयोग विस्तार गर्नु समयको आवश्यकता हो ।

किसानको अवस्था अझ चिन्ताजनक छ। खेती गर्ने मौसममा मल पाइँदैन, बीउ समयमै उपलब्ध हुँदैन, सिँचाइको सुविधा पुग्दैन। किसानले उत्पादन घटाउँदा त्यसको प्रत्यक्ष असर खाद्य सुरक्षामा पर्छ। कृषिप्रधान देश भन्ने नाराले मात्र कृषि उकासिँदैन। मल, बीउ, सिँचाइ, बजार र उचित मूल्यको सुनिश्चितता बिना किसानलाई आत्मनिर्भर बनाउन सकिँदैन ।

खेतमा पानी नपुग्नु अर्को गम्भीर समस्या हो। मनसुनमा बाढी र हिउँदमा खडेरीको दोहोरो मार किसानले खेपिरहेका छन्। सिँचाइ आयोजना निर्माण, वर्षाको पानी संरक्षण र स्थानीय जलस्रोतको वैज्ञानिक उपयोगमा दीर्घकालीन योजना आवश्यक छ। कृषि उत्पादन बढाउने हो भने पानीको व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकतामा राख्नैपर्छ ।

विद्युत् उत्पादनमा उल्लेखनीय प्रगति भए पनि धेरै ठाउँमा अझै बत्ती पटक-पटक जाने गुनासो सुनिन्छ । उद्योग, व्यापार, विद्यार्थी र घरपरिवार सबै यसबाट प्रभावित हुन्छन् । केवल उत्पादन बढाउनु पर्याप्त हुँदैन, वितरण प्रणालीलाई पनि भरपर्दो बनाउनुपर्छ। नियमित विद्युत् आपूर्ति आधुनिक अर्थतन्त्रको आधार हो ।

सुकुम्बासीको समस्या दशकौँदेखि राजनीतिक भाषणको विषय बनेको छ । चुनावअघि आश्वासन धेरै दिइन्छ, तर चुनावपछि समाधानको गति सुस्त हुन्छ। वास्तविक भूमिहीन नागरिकलाई कानुनी रूपमा बसोबासको अधिकार दिलाउनु सामाजिक न्यायको विषय हो । समस्या समाधान संवाद, तथ्य र न्यायपूर्ण नीतिका आधारमा हुनुपर्छ ।

शिक्षा क्षेत्र पनि दिनप्रतिदिन महँगो बन्दै गएको छ। सामान्य आम्दानी भएका परिवारले आफ्ना छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन संघर्ष गर्नुपरेको अवस्था छ । शिक्षा व्यापार होइन, भविष्य निर्माणको माध्यम हो। सरकारी विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन र आधुनिक शिक्षण प्रणाली विकासमा लगानी बढाउन आवश्यक छ ।

विद्युत् महसुलबारे पनि नागरिकको गुनासो बढ्दो छ। उपभोगअनुसार न्यायोचित शुल्क निर्धारण, बिलिङ प्रणालीको पारदर्शिता र उपभोक्तामैत्री सेवा अहिलेको आवश्यकता हो । नागरिकले सेवा पाएपछि मात्रै महसुलप्रति सकारात्मक धारणा बन्न सक्छ ।

यी सबै समस्याको साझा निष्कर्ष के हो भने नागरिकले राज्यबाट अपेक्षा गर्ने आधारभूत सेवामा अझै कमजोरी छ । विकास केवल सडक, पुल र भवन निर्माणमा सीमित हुन सक्दैन । अस्पतालमा लाइन घटाउनु, किसानलाई समयमा मल उपलब्ध गराउनु, सिँचाइ पुऱ्याउनु, पासपोर्ट सहज बनाउनु, विद्युत् सेवा भरपर्दो बनाउनु, शिक्षा सर्वसुलभ बनाउनु र सुकुम्बासीको समस्या न्यायपूर्ण ढंगले समाधान गर्नु नै वास्तविक विकासका सूचक हुन् ।

सरकारको पहिलो प्राथमिकता नागरिकको दैनिक जीवन सहज बनाउनु हुनुपर्छ । जनताले सरकारलाई कर तिर्छन्, मत दिन्छन् र विश्वास गर्छन् । त्यसको प्रतिफल सहज सेवा र उत्तरदायी शासनका रूपमा पाउनु उनीहरूको अधिकार हो। नागरिकको समय, श्रम र सम्मानको कदर गर्ने शासन नै सफल शासन हो ।

राजनीतिक दलहरूले पनि अब प्रतिस्पर्धा भाषणमा होइन, सेवा प्रवाहमा गर्नुपर्छ। कुन दलले कति सभा गऱ्यो भन्नेभन्दा कुन सरकारले अस्पतालको लाइन घटायो, किसानलाई समयमा मल दियो, सिँचाइ विस्तार गऱ्यो, विद्यालयलाई सुलभ बनायो र नागरिकको दैनिकी सहज बनायो भन्ने आधारमा मूल्याङ्कन हुने संस्कृतिको विकास आवश्यक छ ।

देशको समृद्धि ठूला नाराले होइन, नागरिकको अनुहारमा देखिने सन्तुष्टिको मुस्कानले मापन हुन्छ। जब अस्पतालमा बिरामीले सहज उपचार पाउँछ, किसानले समयमा मल र पानी पाउँछ, विद्यार्थीले गुणस्तरीय शिक्षा सहज रूपमा पाउँछ, घरमा नियमित बत्ती बल्छ र नागरिकले सरकारी कार्यालयमा सम्मानपूर्वक सेवा पाउँछ, तब मात्र लोकतन्त्रको सार्थकता पुष्टि हुन्छ ।

आज आवश्यक कुरा दोषारोपण होइन, समाधानमुखी शासन हो। जनताले भोगिरहेका समस्यालाई केन्द्रमा राखेर नीति निर्माण गर्ने, कार्यान्वयनमा इमानदार हुने र परिणाममुखी प्रशासन विकास गर्ने हो भने परिवर्तन असम्भव छैन । सरकार जनताका लागि हो, जनता सरकारका लागि होइन । त्यसैले राज्यका सम्पूर्ण संयन्त्रले नागरिकको दैनिक जीवन सहज बनाउने लक्ष्यलाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्छ ।

अन्ततः, अस्पतालको लाइनदेखि किसानको खेतसम्म, ग्यासको अभावदेखि विद्युत् महसुलसम्म, पासपोर्टदेखि सुकुम्बासीको अधिकारसम्म जोडिएका यी विषय कुनै एक व्यक्ति वा समुदायका समस्या होइनन् । यी समग्र राष्ट्रका साझा चुनौती हुन् । यी चुनौतीको समाधान नै सुशासनको वास्तविक परीक्षा हो । जनताको सरकार त्यतिबेला मात्र जनताको सरकार बन्न सक्छ, जब उसले जनताले दैनिक भोगिरहेका समस्या समाधान गर्न अग्रसरता, संवेदनशीलता र दृढ इच्छाशक्ति देखाउँछ । यही बाटोले नागरिकको विश्वास बलियो बनाउँछ, लोकतन्त्रलाई अर्थपूर्ण बनाउँछ र समृद्ध नेपालको आधार तयार गर्छ ।

वास्तवमा नागरिकले सरकारसँग असम्भव कुरा मागेका छैनन् । उनीहरूको अपेक्षा केवल यति हो कि आफूले तिरेको करको प्रतिफल स्वरूप सहज सेवा पाऊन्, सरकारी कार्यालयमा सम्मानजनक व्यवहार पाऊन् र आधारभूत आवश्यकताको अभावमा जीवन कष्टकर नबनोस् । एउटा लोकतान्त्रिक राज्यको सफलता त्यतिबेला प्रमाणित हुन्छ, जब सामान्य नागरिकले आफ्नो दैनिक काम बिना सिफारिस, बिना अनावश्यक झन्झट र बिना घण्टौँ लाइनमा उभिएर सम्पन्न गर्न सक्छ ।

अहिलेको आवश्यकता नयाँ घोषणा होइन, प्रभावकारी कार्यान्वयन हो। हरेक मन्त्रालयले नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने समस्यालाई प्राथमिकतामा राख्नुपर्छ। स्वास्थ्य मन्त्रालयले अस्पतालमा सेवा विस्तार, चिकित्सक र स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा औषधिको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ। गृह प्रशासनले राहदानीलगायतका सेवा सरल, छिटो र प्रविधिमैत्री बनाउनुपर्छ। कृषि मन्त्रालयले मल, बीउ, सिँचाइ र बजार व्यवस्थापनलाई युद्धस्तरमा सुधार गर्नुपर्छ। ऊर्जा क्षेत्रले नियमित विद्युत् आपूर्ति र न्यायोचित महसुल प्रणालीमा विश्वास दिलाउनुपर्छ। शिक्षा क्षेत्रमा गुणस्तरीय सार्वजनिक शिक्षामा लगानी बढाएर अभिभावकमाथिको आर्थिक भार कम गर्नुपर्छ ।

यसो गर्दा मात्र "सुशासन" भन्ने शब्द व्यवहारमा देखिन थाल्छ । सुशासन भनेको भाषण, नारा वा कागजी योजनामा सीमित अवधारणा होइन; नागरिकले सेवा लिँदा महसुस गर्ने सहजता नै सुशासनको वास्तविक मापन हो। सरकारको प्रत्येक निर्णयले नागरिकको दैनिकीलाई सहज बनाएको छ कि छैन भन्ने प्रश्नलाई नीति निर्माणको केन्द्रमा राख्न आवश्यक छ ।

नेपाल प्राकृतिक स्रोत, जलस्रोत, कृषि सम्भावना र युवाशक्तिले सम्पन्न देश हो । तर यिनै सम्भावनालाई प्रभावकारी व्यवस्थापन गर्न नसक्दा नागरिकले सामान्य सेवाका लागि पनि सास्ती भोगिरहेका छन् । विकासका सूचकहरू सुधारिएको दाबी गरिए पनि यदि किसान खेतमा मलको खोजीमा भौतारिन्छ, बिरामी उपचारको पालो कुरेर थाक्छ, विद्यार्थी शिक्षाको खर्च धान्न नसक्ने अवस्थामा पुग्छ वा सामान्य प्रशासनिक सेवाका लागि दिनौँ समय खर्च गर्नुपर्छ भने विकासको अनुभूति जनतासम्म पुगेको मान्न सकिँदैन ।

यस अवस्थामा सरकार, राजनीतिक दल, निजामती प्रशासन र सार्वजनिक संस्थाहरू सबैले आत्मसमीक्षा गर्न आवश्यक छ। जनताले सरकार परिवर्तनका लागि होइन, अवस्था परिवर्तनका लागि मत दिएका हुन्छन्। त्यसैले अब प्राथमिकता सत्ता टिकाउने होइन, जनविश्वास टिकाउने हुनुपर्छ। जनताको विश्वास एकपटक गुमेपछि त्यसलाई पुनः प्राप्त गर्न निकै कठिन हुन्छ ।

आजको नेपाललाई विकासका ठूला सपना देखाउनेभन्दा पहिले नागरिकका साना तर अत्यन्त महत्वपूर्ण समस्याको समाधान गर्ने नेतृत्व चाहिएको छ । अस्पतालमा लाइन छोट्याउने, राहदानी समयमै उपलब्ध गराउने, किसानलाई समयमा मल र सिँचाइ पुऱ्याउने, विद्युत् सेवा भरपर्दो बनाउने, शिक्षा सर्वसुलभ बनाउने र सुकुम्बासीको समस्या न्यायपूर्ण ढंगले समाधान गर्ने सरकार नै सफल सरकारका रूपमा इतिहासमा स्मरणीय रहनेछ ।

राष्ट्र निर्माणको आधार नागरिकको सन्तुष्टि हो। जब नागरिकले राज्यलाई आफ्नो अभिभावकका रूपमा महसुस गर्न थाल्छ, तब मात्र लोकतन्त्र बलियो बन्छ, अर्थतन्त्र गतिशील हुन्छ र समाजमा आशाको वातावरण निर्माण हुन्छ। त्यसैले अब सरकारको सम्पूर्ण ध्यान जनताले दैनिक भोगिरहेका समस्याको समाधानमा केन्द्रित हुनुपर्छ। यही नै समृद्ध नेपाल निर्माणको सबैभन्दा बलियो आधार हो । ( झा नेपाल पत्रकार महासंघ रौतहट का पूर्व अध्यक्ष हुन ।)

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday